# नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
## Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province


च.नं. ६९/०८०/८१

मितिः २०८० माघ १० गते

श्री सदस्य महानुभावहरु,
नेउवामहासंघ-बागमती प्रदेश ।

बिषयः <u>नेउवामहासंघ बागमती प्रदेशको सातौं प्रदेश सभा सम्वन्धमा ।</u>

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कार्यकारिणी समितिको मिति २०८०।१०।०९ गते बसेको पाँचौं बैठकको निर्णयानुसार यस प्रदेशको सातौं प्रदेश सभा देहायको मिति, समय र स्थानमा हुन गईरहेको व्यहोरा सूचित गर्दै प्रदेश सभामा छलफल हुने विषय सूचि निम्नानुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**१. सातौं प्रदेश सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल फागुन ११ गते शुक्रवार ।
समयः विहान ११:०० बजेदेखि दिउँसो ०३:३० बजेसम्म ।
स्थान : हेटौंडा ।

**२. सातौं प्रदेश सभाको कार्यक्रम तथा छलफलको विषय सूची :**

*(क) प्रदेश सभाको उद्घाटन सत्र ।*

(अ) रजिष्ट्रेशन तथा जलपान : विहान १०:०० वजेदेखि ११:०० वजेसम्म ।
(आ) उद्घाटन समारोह : विहान ११:०० वजेदेखि दिउँसो १:०० वजेसम्म ।
(इ) दिवाभोज : दिउँसो १:०० वजेदेखि २:०० वजेसम्म ।

*(ख) प्रदेश सभाको बन्द सत्र । (दिउँसो २:०० वजेदेखि ३:३० सम्म)*

(अ) नेउवामहासंघ बागमती प्रदेशका अध्यक्षज्यूबाट स्वागत मन्तव्य ।
(आ) प्रदेश सभामा सहभागी हुनु हुनेहरुको गणपूरक संख्या बारे जानकारी ।
(इ) नेउवामहासंघ बागमती प्रदेशको वार्षिक प्रतिवेदन प्रस्तुत ।
(ई) कोषाध्यक्षज्यूबाट आ.व. २०७९/८० आय व्यय विवरण प्रस्तुत ।
(उ) सातौं प्रदेश सभामा विचारार्थ प्रस्तुत प्रस्तावहरूको छलफल तथा निर्णय ।
(ऊ) सातौं प्रदेश सभाको माइन्यूटमा दस्तखतको लागि सहभागीहरुको तर्फबाट १ जना प्रतिनिधिको छनौट ।
(ए) समापन ।

**३. सातौं प्रदेश सभामा प्रतिनिधित्व :**

प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा सञ्चालन सम्बन्धी नियमावली, २०७३ प्रथम संशोधन (मिति २०७७९।२६) १९.३ अनुसार प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्थाको अध्यक्ष रहनु पर्नेछ । कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा कार्यकारिणी


हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोनः ०५७-५९१२६०
E-mail: fnccibagmatiprovince@gmail.com



STOP Child Labour

समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछ । एशोसियट सदस्यको हकमा संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायब महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ । साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधिपत्र साथ संलग्न गर्नु पर्नेछ । प्रतिनिधिमण्डल पठाउँदा तत्काल कायम रहेका कार्यसमितिको गठन निर्णय विवरण तथा पदाधिकारीहरुको नामावली समेत पठाउनु पर्नेछ ।

○ द्रष्टव्यः उपरोक्त बमोजिम मुख्य प्रतिनिधि नियुक्त गर्दा तल्लो तहको पदाधिकारीलाई मुख्य प्रतिनिधि नियुक्त गरिएमा सो प्रतिनिधिमण्डलमा सो मुख्य प्रतिनिधि भन्दा माथिल्लो दर्जाको पदाधिकारीले भाग लिन पाउने छैन ।

४. **प्रतिनिधि संख्या :**

सातौं प्रदेश सभामा निम्न संघ/संस्थाबाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउन सकिनेछ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित – ३ जनासम्म (१ मुख्य प्रतिनिधि र २ अतिरिक्त प्रतिनिधि) ।
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित – २ जनासम्म (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि) ।
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि – १ जना ।

५. **नविकरण तथा प्रतिनिधि शुल्कः**

***नविकरण शुल्क :***

जिल्ला/नगर उद्योग वाणिज्य संघकालागि प्रत्येक आ.व.को रु. ८,०००।- (अक्षरेपी आठहजार रुपैंया मात्र)

बस्तुगत संघ तथा एसोसिएट सदस्यकालागि प्रत्येक आ.व.को रु.५,०००।- (अक्षरेपी पाँच हजार रुपैंया मात्र)

***प्रतिनिधि शुल्क :***

प्रदेश वार्षिक सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार रुपैयां) प्रतिनिधि शुल्क लाग्नेछ । तर एकै व्यक्तिले एक भन्दा बढी संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधि शुल्क रु. १,०००.०० (अक्षरेपी एक हजार मात्र) मात्र लाग्नेछ । पर्यवेक्षकको रुपमा आउने सहभागीको सहभागिता शुल्क पनि प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार रुपैंया) लाग्नेछ ।

संघ संस्था नविकरण एवं सहभागी शुल्क बागमती प्रदेशको सिद्धार्थ बैंक लि, त्रिपुरेश्वर, काठमाडौंको FNCCI Bagmati Province को खाता नं ००६१ ५१०५ ६५१ मा रकम जम्मा गर्नु भई सोको भौचरको प्रतिलिपि बामगती प्रदेश सचिवालयको ईमेल ठेगाना : fnccibagmatiprovince@gmail.com मार्फत उपलव्ध गराई दिनुहुन अनुरोध छ । साथै बैंक भौचरमा आफ्नो संस्थाको नाम अनिवार्य जनाईदिनु हुन पनि अनुरोध छ ।

६. **वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र बुझाउने समयः**

सदस्यहरुले आ.व. २०८०।८१ सम्मको नेउवामहासंघ बागमती प्रदेशको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र २०८० फागुन ६ गते आईतबार साँझ ५:०० बजेभित्र नेउवामहासंघ बागमती प्रदेशको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ ।

साधारण सभामा भाग लिने मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधिले आफ्नो परिचय खुल्ने कागजात अनिवार्य ल्याउनु हुन पनि अनुरोध छ ।

७. **प्रस्ताव पठाउने सम्वन्धमा :**

नेउवामहासंघ बागमती प्रदेशको सातौं प्रदेश सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा प्रदेशको सचिवालयमा २०८० माघ २९ गते सोमबार कार्यालय समय भित्र आईपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

यस नेउवामहासंघ बागमती प्रदेशको सातौं वार्षिक प्रदेश सभामा समुद्घाटन कार्यक्रमका साथै वन्द सत्रको कार्य हुने भएको जानकारी गराउँदै सातौं प्रदेश सभामा भाग लिने संघ/संस्थाहरुले उपरोक्त अनुसांरको व्यवस्थासहित उल्लेखित समयभित्र नै प्रतिनिधिपत्र, प्रतिनिधि शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई नेउवामहासंघ बागमती प्रदेशको सातौं प्रदेश सभामा सहभागी हुने व्यवस्थाका लागि हार्दिक अनुरोध गर्दछु । सभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन र आ.व. ०७९/८० को आय व्यय विवरण प्रदेश सभाको समुद्घाटन सत्रमा वितरण गरिने व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

संलग्नः

१. प्रतिनिधि पत्र थान १ (एक) ।

भवदीय,

विवेक मानन्धर
कार्यकारी निर्देशक

बोधार्थः

श्री अध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।
श्री उपाध्यक्षज्यूहरु, नेउवामहासंघ बागमती प्रदेश ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।

हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fncciBagmatiprovince@gmail.com

STOP Child Labour

**नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश**
**Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province**

# प्रतिनिधि–पत्र

श्री नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश
हेटौंडा, मकवानपुर ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सदस्यको हैसियतले २०८० फागुन ११ गते हेटौंडामा आयोजना हुने नेउवामहासंघ बागमती प्रदेशको सातौं प्रदेश सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्नलिखित प्रतिनिधि मनोनयन गरी पठाईएको छ । प्रतिनिधि शुल्क बापत रु. .................... को चेक/ड्राफ्ट/बैंक भौचर/नगद पनि यसै साथ संलग्न गरेको छु ।

## प्रतिनिधिहरु

(१) संघ/संस्थाको नाम ..........................................................................................

(२) **मुख्य प्रतिनिधि**
(३) नाम :
(४) दर्जा :
(५) दस्तखत नमूना ................
(मुख्य प्रतिनिधिको)

(१) **अतिरिक्त प्रतिनिधि**

| | नाम : | दर्जा : | दस्तखत: |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

संस्थाको छाप

भवदीय

**द्रष्टव्य:**

१. जिल्ला/नगर उद्योग वाणिज्य संघको हकमा मुख्य प्रतिनिधिसहित ३ जनासम्म ।
२. बस्तुगत संघको हकमा मुख्य प्रतिनिधिसहित २ जनासम्म ।
३. एशोसिएट सदस्यको हकमा १ जना मुख्य प्रतिनिधि ।

- प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्थाको अध्यक्ष रहनु पर्नेछ । कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा सञ्चालन सम्बन्धी नियमावली २०७३ अनुसार कार्यकारिणी समितिले आफूमध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछ । एशोसिएट सदस्यको हकमा सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक तह, नायब महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मनोनयन गरी पठाउनु पर्नेछ ।
- प्रतिनिधि शुल्क प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार मात्र) लाग्नेछ । तर एकै व्यक्तिले एक भन्दा बढी संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधि शुल्क रु. १,०००.०० (अक्षरेपी एक हजार मात्र) मात्र लाग्नेछ । पर्यवेक्षकको रुपमा आउने सहभागीको सहभागिता शुल्क पनि प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार रुपैंया) लाग्नेछ ।

हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fncci bagmatiprovince@gmail.com

STOP Child Labour